सभामा पेश मितिः २०८३/०३/१०

# पाणिनि गाउँपालिकाको विनियोजन विधेयक, २०८३

## पाणिनि गाउँपालिका, आर्थिक वर्ष २०८३।८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः**

पाणिनि गाउँपालिका, अर्घाखाँचीको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम पाणिनि गाउँपालिका, अर्घाखाँचीको गाउँसभाले यो विधेयक बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम "पाणिनि गाउँपालिका, विनियोजन विधेयक, २०८३" रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक बर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७२,२०,७४,५००.०० (बहत्तर करोड विस लाख चौरत्तर हजार पाँच सय) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः**

(१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त पाणिनि गाउँपालिका, अर्घाखाँचीको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

**यस गरिमामय गाउँसभाका अध्यक्षज्यू, सभा-सदस्यज्यूहरू, सभाका सचिव तथा राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मीज्यू,**

१. नेपालको संविधानको धारा २३० (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम यस गरिमामय गाउँसभामा पाणिनि गाउँपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ र आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गाउँपालिका उपाध्यक्षको हैसियतले म गौरवान्वित भएको छु। यो महत्वपूर्ण अवसर र जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण आदरणीय पाणिनिवासी महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा विभिन्न संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै उहाँहरूका परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै जनाधिकार स्थापनाका लागि योगदान पुर्‍याउनुहुने सम्पूर्ण अग्रजहरूप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. सीमित स्रोत-साधनका बीच नागरिकका अपेक्षा र आवश्यकतालाई प्राथमिकताका आधारमा सम्बोधन गर्दै विकासको यात्रालाई निरन्तर अगाडि बढाउनु हाम्रो दायित्व हो। संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय समानीकरण अनुदानमा भएको कटौतीका कारण केही चुनौतीहरू थपिएका छन् । तथापि उपलब्ध स्रोत-साधनको अधिकतम, पारदर्शी र न्यायोचित उपयोग गर्दै विकास र सेवाप्रवाहलाई प्रभावकारी बनाउने हाम्रो अठोट यथावत् रहेको छ।

४. यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, आवधिक योजना, दिगो विकासका लक्ष्य, राजनीतिक दलका घोषणापत्र तथा माननीय सदस्यज्यूहरू, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी र सम्पूर्ण पाणिनिवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त अमूल्य सुझावहरूलाई मार्गदर्शनका रूपमा लिइएको छ। प्रस्तुत बजेट तथा कार्यक्रम गाउँपालिकाले अवलम्बन गरेका नीति तथा प्राथमिकताहरू कार्यान्वयन गर्ने प्रभावकारी आधार बन्ने विश्वास व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

५. चालु आ.व २०८२/०८३ को संशोधित बजेट ७२ करोड २० लाख ७४ हजार ५ सय रहेकोमा हालसम्म आर्थिक विकातर्फ २०.४६%, सामाजिक विकासतर्फ ७०.७५%, भौतिक पूर्वाधारतर्फ २२.५६%, सुशासन र अन्तरसम्बन्धित क्षेत्र ४१.५५%, कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ६४.३१%, गरी जम्मा चालुतर्फ ६४.१९% र पूँजीगततर्फ ४५.४७ % गरी समग्रमा ५८.६४% बजेट खर्च भएको छ । चालु आ.व.का विकास योजनाहरू केही सम्पन्न भएका छन् भने केही सम्पन्नको अन्तिम चरणमा छन् ।

**सभाध्यक्ष महोदय,**

६. उपलब्ध स्रोत - साधनको यथार्थ मूल्याङ्कन, योजनाको प्राथमिकीकरण तथा सन्तुलित विकासको अवधारणालाई आधार मानी सेवा प्रवाह, उत्पादनशील क्षेत्रको प्रवर्द्धन र पूर्वाधार विकासलाई केन्द्रमा राखी यो बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ। साथै ठूला तथा मझौला योजनाहरू संघ र प्रदेश सरकारसँगको सहकार्यमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिएको छ । अब म आर्थिक वर्ष २०८३/०८४ को राजस्व तथा स्रोत परिचालनसम्बन्धी प्रस्तावित व्यवस्थाहरू प्रस्तुत गर्दछु।

क. नेपालको संविधानको अनुसूची - ८ बमोजिमको स्थानीय तहलाई प्राप्त एकल अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार क्षेत्रभित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आयतर्फ छुट हुन गएका शीर्षकहरू थप गरी फराकिलो कराधार निर्माणको व्यवस्था मिलाएको छु।

ख. गाउँपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरूलाई करको दायरामा ल्याउदै चोरी निकासीका गतिविधिहरूलाई नियन्त्रण गर्नको लागि अनुगमनको पाटोलाई जिल्ला समन्वय समितिसँगको सहकार्यमा शसक्त बनाउने व्यवस्था मिलाएको छु ।

ग. अपाङ्गता भएका व्यक्तिहरू, एकल तथा विधवा महिलालाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत दस्तुर छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छु ।

**सभाध्यक्ष महोदय,**

७. अब म पाणिनि गाउँपालिकाको अर्थतन्त्र र हाम्रो बजेट प्रणालीमा देखिएका मुख्य-मुख्य चुनौती र अवसरहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु।

८. चालु आर्थिक वर्षमा वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट वित्तिय समानिकरणमा रकम कटौती भएको छ। त्यसैगरी राजश्व बाँडफाड तर्फ सिलिङ्ग बराबरको रकम संघीय सरकारबाट प्राप्त नहुने देखिन्छ। यसरी बजेट सिलिङ्गको हिस्सा बराबरको रकम नेपाल सरकारबाट प्राप्त नहुँदा विकास कार्यको लागि स्रोत व्यवस्थापनमा असर परेको छ ।

९. पुँजीगत खर्चको प्रभावकारिता अपेक्षाअनुरूप बढ्न सकेको छैन । निर्माण व्यवसायीबाट आयोजना कार्यान्वयनमा हुने ढिलासुस्ती, अन्तर्राष्ट्रिय परिस्थितिका कारण आपूर्ति शृङ्खलामा परेको असर तथा निर्माण सामग्रीको मूल्यवृद्धि, दक्ष जनशक्तिको अभाव, उपभोक्ता समितिको प्राविधिक तथा प्रशासनिक क्षमता सीमित हुनु, युवाशक्तिको पलायन तथा सम्झौताअनुसार समयमै आयोजना सम्पन्न नहुने प्रवृत्ति विकास निर्माण कार्यका प्रमुख चुनौतीका रूपमा रहेका छन्।

१०. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, घट्दो विद्यार्थी सङ्ख्या व्यवस्थापन, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्नु तथा विशेषज्ञ सेवाको पहुँच विस्तार र स्वास्थ्य पूर्वाधार सुदृढीकरण गर्नु शिक्षा र स्वास्थ्य क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

११. जलवायु परिवर्तनको बढ्दो प्रभाव, प्राकृतिक तथा मानवजन्य विपद्को जोखिम, सूचना प्रविधिको विस्तारसँगै देखापरेका साइबर सुरक्षा चुनौती, बाँदर, बदेल लगायतका वन्यजन्तुबाट कृषि बालीमा हुने क्षति तथा बदलिँदो सामाजिक - आर्थिक परिवेशअनुरूप सेवा प्रवाहलाई सुरक्षित, प्रभावकारी र प्रविधिमैत्री बनाउनु समसामयिक चुनौतीका रूपमा रहेका छन्।

१२. पाणिनी तपोभूमि, दुर्वाशेश्वर गुफा, कालिकाठी लगायतका पर्यटकीय क्षेत्रको एकीकृत विकास र प्रवर्द्धन, कृषि तथा पशुजन्य उत्पादनको व्यावसायीकरण, सडक सञ्जालको विस्तार, अन्तरसरकारी सहकार्य, वित्तीय सुशासनको सुदृढीकरण तथा रणनीतिक सडकमार्गको उपयोगमार्फत आर्थिक विकास, रोजगारी सिर्जना र सेवा प्रवाह प्रभावकारी बनाउने अवसरहरू रहेका छन्।

**सभाध्यक्ष महोदय,**

१३. माथि उल्लिखित चुनौती र अवसरलाई मध्यनजर गर्दै स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग, स्थानीय सरकार, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारबीचको सहकार्य र लगानी विस्तारमार्फत उत्पादन, उत्पादकत्व तथा रोजगारीका अवसर सिर्जना गर्ने दिशामा प्रस्तुत बजेट केन्द्रित रहेको छ । आर्थिक तथा सामाजिक पूर्वाधार विकास, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि तथा सार्वजनिक स्रोतको मितव्ययी र न्यायोचित परिचालनमार्फत समावेशी एवं दिगो विकासको आधार तयार गर्ने उद्देश्यसहित बजेटका नीति, कार्यक्रम र प्राथमिकता निर्धारण गरिएको छ ।

**बजेटका उद्देश्यहरु**

क. स्थानीय स्रोत, साधन र सम्भावनाको उपयोग गर्दै कृषि, पर्यटन तथा उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादन, उत्पादकत्व, रोजगारी र आय वृद्धि गर्ने,

ख. गुणस्तरीय शिक्षा, स्वास्थ्य, सीप विकास तथा सामाजिक सुरक्षामार्फत सक्षम, स्वस्थ र आत्मनिर्भर मानव पुँजी निर्माण गर्ने,

ग. दिगो, गुणस्तरीय र पहुँचयोग्य पूर्वाधार विकासमार्फत आर्थिक तथा सामाजिक विकासको आधार सुदृढ गर्ने,

घ. प्रविधिमैत्री, पारदर्शी, जवाफदेही र प्रभावकारी सार्वजनिक सेवा प्रवाहमार्फत सुशासन प्रवर्द्धन गर्ने,

ङ. समावेशी विकासमार्फत दिगो र समृद्ध पाणिनी गाउँपालिका निर्माण गर्ने।

<u>बजेटका प्राथमिकताहरुः</u>

क. कृषि, पर्यटन तथा उद्यमशीलता प्रवर्द्धनमार्फत उत्पादन, रोजगारी र स्थानीय अर्थतन्त्रको विकास ,

ख. दिगो, गुणस्तरीय र पहुँचयोग्य भौतिक पूर्वाधार निर्माण,

ग. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी तथा सामाजिक सुरक्षाको सुनिश्चितता,

घ. वातावरण संरक्षण, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन,

ङ. स्थानीय स्रोत, साधन र सम्भावनाको समुचित उपयोगमार्फत सन्तुलित विकास,

च. प्रभावकारी सेवा प्रवाह, पारदर्शिता र सुशासन प्रवर्द्धन ।

**सभाध्यक्ष महोदय,**

१४. अब म बजेटले लिएका उद्देश्य हासिल गर्न तपसिल बमोजिम सुधारको प्रस्ताव पेश गरेको छु।

१५. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ। स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने विषयगत शाखाहरुले श्रावण मसान्त भित्र आवश्यक कार्यविधि र निर्देशिका तयार गरी कार्यपालिकाबाट पारित गरि लागु गरिनेछ।

१६. सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रममा उल्लेखित सुशासन, पारदर्शिता र प्रतिस्पर्धा लगायतका मार्गदर्शनलाई कार्यान्वय गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

१७. आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान गरीबी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै समृद्ध पाणिनी निर्माणको लक्ष्य तथा दीर्घकालीन सोचसहित आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

१८. राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम संचालनका लागि तथा सुन्तलाको पकेट विकास कार्यक्रमको निरन्तरताका लागि बजेट विनियोजन गरेको छु ।

१९. कृषि तथा पशुजन्य उत्पादन र प्रविधिको प्रवर्धन गर्दै कृषि तथा पशुपालन व्यवसाय गर्ने र कृषकको क्षमता अभिवृद्धिको ब्यवस्था मिलाएको छु ।

२०. पशुमा कृत्रिम गर्भाधान कार्यक्रम र पशुमा लाग्ने सङ्क्रामक रोग नियन्त्रण गर्न पशु खोप कार्यक्रमलाई निरन्तरता प्रदान, पशुपन्छीको औषधी उपचारका कार्यक्रमहरू सञ्चालन र उत्पादनमा आधारित दुधमा अनुदानका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु।

२१. पाणिनि तपोभूमिलाई राष्ट्रिय पर्यटन गन्तव्यको रूपमा विकास गर्न भौतिक पूर्वाधारको विकासको साथसाथै धार्मिक पर्यटनको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजित बजेटलाई गुरुयोजना अनुसार कार्यान्वय गर्न समन्वय र सहकार्यमा जोड दिईनेछ ।

२२. उत्पादन र उद्यमशीलता मार्फत रोजगार सृजना तथा न्युनतम रोजगारी प्रत्याभूति, सिप विकास, उद्यमशिलता प्रवद्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप संचालन गर्न संघीय सरकार सँग शतप्रतिशत लागत साझेदारीका लागि संघीय सरकारबाट रु १० लाख ४७ हजार र गाउँपालिकाबाट शतप्रतिशत रु १० लाख ४७ हजार गरी जम्मा रु २० लाख ९४ हजार बजेट विनियोजन गरेको छु।

२३. मनोसामाजिक परामर्श कर्तालाई निरन्तरता दिँदै सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गतका बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु ।

२४. सहकारी संस्थाहरूको सुदृढीकरणका लागि पारदर्शिता, सुशासन र दिगोपनमा आधारित अनुगमन, क्षमता अभिवृद्धि तथा सहजीकरण कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु ।

२५. वार्षिक रूपमा उत्कृष्ट हुने विद्यार्थी, उत्कृष्ट औषत सिकाइ उपलब्धि हासिल गर्ने शिक्षक र विद्यार्थीलाई प्रोत्साहन/सम्मान तथा छात्रवृत्ति कार्यक्रमको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. **"पाणिनिलाई चिनौं, पाणिनिलाई चिनाउ"** भन्ने आदर्श वाक्यलाई आत्मसात गरी हाम्रो पाणिनि स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पाणिनि ऋषिले सूत्राधार गरेका संस्कृत व्याकरणका सूत्रहरूलाई समेट्दै सोको पठनपाठन गर्ने र स्थानीय विषयको पाठ्यपुस्तक निःशुल्क रूपमा वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम निरन्तरताको लागि बजेट व्यवस्थापन गरेको छु ।

२८. स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि गाउँपालिकाको तर्फबाट अनिवार्य दायित्व ४५ लाख र विभिन्न कार्यक्रमहरुको लागि आवश्यक रकम विनियोजन गरिको छु । सङ्घीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान थप हुने बेहोरा पनि जानकारी गराउछु ।

२९. सबै स्वास्थ्य संस्थाहरूमा निःशुल्क उपलब्ध गराउने तोकिएका औषधीहरू र अन्य थप औषधी तथा उपकरणको नियमित आपूर्तिको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३०. १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न भई सञ्चालन लागि जनशक्ति व्यवस्थापन लगायताका कामहरु सम्पन्न भएकाले उक्त अस्पताल सञ्चालनार्थ संघीय सरकारबाट रु ८५ लाख र गाउँपालिकाबाट रु १ करोड ६७ लाख गरी जम्मा रु २ करोड ५२ लाख बजेट विनियोजन गरेको छु।

३१. "एक घर, एक धारा कार्यक्रम" अन्तर्गत संघीय सरकार विषेश अनुदानबाट पाणिनी ३, ६, ७ र ८ मा एक घर एक धारा खानेपानी आयोजना संचलनका लागि रु १ करोड र प्रदेश विशेष अन्तर्गत रु. २२ लाख गरी पाणिनी ३,६,७ र ८ मा खानेपानी सम्पन्न गर्न रु १ करोड २२ लाख बजेटको व्यवस्था मिलाएको छु । साथै गाउँपालिकाभित्र सञ्चालित लिफ्टिङ्ग प्रविधिका खानेपानी आयोजनाहरुमा विद्युत महसुल छुटका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३२. आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सिपमूलक, आयमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गर्न सामाजिक समावेशीकरणतर्फ आवश्यक रकम विनियोजन गरेको छु।

३३. बाल विवाह न्यूनीकरणका सम्बन्धमा अभियान सञ्चालन गर्न प्रदेश सरकारसँगको समन्यवमा रु १० लाख विनियोजन गरेको छु ।

३४. महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३५. सङ्घीय समपुरक तर्फ भन्ज्याङ्ग धातिवाङ्ग देउराली डाँडाकटेरी सडक स्तरउन्तीमा नेपाल सरकारबाट रु २ करोड १६ लाख २३ हजार र गाउँपालिकाबाट थप ९३ लाख, देउराली पात्ले दरनेटा दारेगैरा

मो.वा निर्माण तर्फ नेपाल सरकारबाट रु १ करोड ५ लाख ७७ हजार र गाउँपालिकाबाट थप ४६ लाख तथा भर्तापुर अमजा कुडापानी रजौसा दमार तमोभूमी उपल्लाखर्क बतासे मोटर बाटोमा नेपाल सरकारबाट रु १ करोड र गाउँपालिकाबाट थप ४३ लाख गरी संघीय समपुरक र गाउँपालिका तर्फ जम्मा रु  ६ करोड ४ लाख रकम विनियोजन गरेको छु।

३६. सुन्दरढुङ्गा-उपल्लाखर्क-पोखराथोक हटिया मालिका गुफा डेरी चोक सडकका लागि ७५ लाख प्रदेश सरकारबाट र  गाउँपालिकाबाट थप ५० लाख विनियोजन गरेको छु ।

३७. गाउँपालिका भरिका सम्पूर्ण मोटरबाटोको मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८. विभिन्न भवन निर्माण तथा मर्मत सम्मार (विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन) सम्पदा पूर्वाधार लगायतका उपक्षेत्रका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३९. गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरूको वृत्ति र नवीन सिकाइ अनुकरणका लागि आन्तरिक पर्यटनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४०. विपद् पूर्व तयारी राहत, उद्धार, पुनस्थापना जस्ता कार्यको लागि विपद् व्यवस्थापन तथा दैवि प्रकोप कोष, मर्मत, संभार कोषकर्मचारीको कल्याणकारी कोष, म्याचिङ कोषमा आवश्यक रकम विनियोजन गरेको छु।

४१. गाँउपालिकाका सम्पूर्ण कर्मचारीहरुको तलब भत्ता, पदाधिकारीहरुको सेवा सुविधा, कार्यालय सामाग्री तथा दैनिक प्रशासनिक कार्यको लागि आवश्यक पर्ने सामाग्री खरिद लगायत मेसिनरी औजार मर्मत तथा खरिद, पानी तथा बिजुली, सञ्चार, कम्युटर तथा प्रिन्टर उपकरण जस्ता शिर्षकहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४२. समानिकरण तथा राजस्व बाँडफाडँको रकम प्राप्त नहुने अवस्थाले गर्दा सम्झौता भई काम सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको लागि दायित्व सिर्जना हुने रकम रु. ४० लाख विनियोजन गरेको छु ।

**आ.ब. २०८३/८४ को लागि आम्दानीका स्रोतहरूको संक्षिप्त विवरण निम्ननुसार रहेको छ ।**

| पाणिनि गाउँपालिकाको आ.व २०८३/०८४ को आय प्रक्षेपण | | |
|---|---|---|
| आय शिर्क्षक | आ.व.२०८३/०८४ को  प्रस्तावित अनुमानित आय | कैफियत |
| संघीय समानिकरण अनुदान | १० करोड ७४ लाख | |
| संघीय शसर्त अनुदान चालु/ पुँजिगत | ३६ करोड ८८ लाख | |
| संघीय विशेष अनुदान चालु | १ करोड | |
| संघीय समपुरक अनुदान | ४ करोड २२ लाख | |
| संघीय राजश्व बाडँफाडँ | ९ करोड ८३ लाख ३२ हजार | |
| प्रदेश समानिकरण अनुदान | ७२ लाख ९१ हजार | |
| प्रदेश शसर्त अनुदान चालु/पुँजिगत | १ करोड २० लाख | |
| प्रदेश विशेष अनुदान | २२ लाख | |
| प्रदेश समपुरक अनुदान | ७५ लाख | |
| प्रदेश राजश्व बाडँफाडँ | १ करोड ५ लाख १ हजार | |

| | | |
|---|---|---|
| आन्तरिक श्रोत तर्फ | १ करोड ३५ लाख | |
| राजस्व बाडफाँड स्थानीय सरकार | ४० लाख | |
| अल्या | ३ करोड | |
| जम्मा | ७१ करोड ३७ लाख २४ हजार | |

**पाणिनी गाउँपालिका आ.ब. २०८३/०८४ को व्यय अनुमान निम्ननुसार रहेको छ ।**

पाणिनि गाउँपालिकाको आ.व २०८३/०८४ को व्यय अनुमान

| क.सं. | आय शिर्षक | अनुमानित रकम रू. |
|---|---|---|
| १ | संघीय शसर्त अनुदान चालु/ पुँजिगत | ३६ करोड ८८ लाख |
| २ | सङ्घीय समपूरक अनुदान र गाउँपालिका तर्फ | ६ करोड ४ लाख |
| ३ | सङ्घीय विषेश अनुदान | १ करोड |
| ४ | प्रदेश शसर्त अनुदान | १ करोड २० लाख |
| ५ | प्रदेश समपूरक अनुदान र गाउँपालिका तर्फ | १ करोड २५ लाख |
| ६ | प्रदेश विशेष अनुदान | २२ लाख |
| ७ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२ करोड २० लाख |
| ८ | १५ शैया आधारभुत अस्पताल संचालन खर्च | १ करोड ६७ लाख |
| ९ | भुक्तानी दायित्व | ४० लाख |
| १० | शिक्षातर्फ | १ करोड ९० लाख |
| ११ | स्वास्थ्यतर्फ | ४५ लाख |
| १२ | पशुपंक्षी तर्फ | ४० लाख |
| १३ | महिला, बालबालिका तथा जेष्ठ नागरिकतर्फ (संघ र प्रदेशसँग म्याचिङ) | ७ लाख |
| १४ | पञ्जिकरण तथा सामाजिक सुरक्षातर्फ | ७ लाख |
| १५ | रोजगारतर्फ (संघीय सरकारसँग म्याचिङ) | १० लाख ४७ हजार |
| १६ | कर्मचारी कल्याणकारी कोष | ५ लाख |
| १७ | शिक्षा, स्वास्थ्य, कृषि, पशुपन्छी, आयुर्वेद, सामाजिक समावेशीकरण, महिला तथा बालबालिका, जेष्ठ नागरिक अपाङ्ग, लघु उद्यम कार्यक्रम, सहकारी, विपद् व्यवस्थापन कोष, मर्मत सम्भार कोष, म्याचिङ, गाउँपालिका स्तरीय योजनाहरू, वडा स्तरीय योजना लगायतका सम्पूर्ण शीर्षकहरूको लागि एकमुष्ठ | ७ करोड ४६ लाख ७७ हजार |
| | जम्मा व्यय | ७१ करोड ३७ लाख २४ हजार |

४३. बजेटमा उल्लेख नभएका र सङ्घ तथा प्रदेशबाट समय समयमा प्राप्त हुने बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । योजना, बजेट तथा कार्यक्रमसम्बन्धी विस्तृत विवरण अनुसूचीहरूमा उल्लेख गरिएको बेहोरा गरिमामय सभालाई जानकारी गराउँछु ।

**अन्त्यमा,**

**सभाध्यक्ष महोदय,**

४४. बजेट तर्जुमाको क्रममा हामिले संचालन गरेका सबैजसो कार्यक्रमहरुमा सल्लाह सुझाव सहयोग समन्वय र अभिभावकत्व प्रदान गर्नुभएकोमा सम्मानित गाउँपालिका अध्यक्ष ज्यू प्रति कृतज्ञत व्यक्त गर्दछु। साथै बजेट निर्माणको क्रममा सुझाव प्रदान गर्नुहुने विषयगत समिति, राजनीतिक दल, प्रमुख प्रशासकीय अधिकृत एवम् सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, पूर्व जनप्रतिनिधी, शैक्षिक व्यक्तित्व, सञ्चार जगत, गाउँपालिका भन्दा बाहिर नेपालका विभिन्न सहरमा रहनुभएका पालिकाबासी तथा पालिका प्रेमी आमाबुबा दाजुभाई तथा दिदि बहिनीहरु प्रती आभार एवम् धन्यबाद प्रकट गर्दछु। गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउने करदाता, निजिक्षेत्र तथा विकास साझेदारहरुमा हार्दिक धन्यबाद व्यक्त गर्दछु।

४५. आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा सामाजिक न्याय प्रत्याभुत गर्दै समृद्ध पाणिनी निर्माणको दीर्घकालिन सोचको लक्ष्य हासिल गर्न उत्पादनशील, शिक्षित, मर्यादित, रोजगारीको अवसर प्राप्त गरी पर्याप्त आय आर्जन गर्ने सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर, पर्यटकीय, आत्मनिर्भर समृद्ध गाउँपालिका निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको कार्यान्वयनको सिलसिलामा सम्बद्ध सबै पक्षबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धन्यवाद नमस्कार !!!**

२०८३/०३/१०

**धन्यवाद, जय पाणिनि**

**नर्मदा गौतम पौडेल**

**उपाध्यक्ष**

**पाणिनि गाउँपालिका, अर्घाखाँची**

***